अन्नपुर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

स्था: २०७३

गण्डकी प्रदेश, नेपाल

प.सः ०७७।७८ मितिः २०७८।०१।०५

च.न :-

## नदिजन्य पदार्थ बिक्रीका लागि सिलबन्दी दरभाउपत्र पत्र आव्हानं सम्बन्धी सूचना

## (तेस्रो पटक प्रकाशित मिति २०७८/०१/ ०५ गते )

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११'घ'(६) को व्यवस्था अनुसार गाउँ कार्यपालीकाको मिति २०७७/१२/२८ को निर्णय बमोजिम गाउपालिका क्षेत्रभित्रको कालिगण्डकी नदीको तपसिल बमोजिमको बगरबाट नदिजन्य प्रदार्थ उत्खनन तथा संकलन कार्य प्रारम्भीक वातावरणिय परिक्षण प्रतिवेदन (IEE)ले औल्याएको परिणाम भित्र रही नदिजन्य पदार्थ उत्खनन , घाट गद्दी पश्चात गाउपालीकाले तोकेको दरमा ठेक्का बन्दोवस्तको माध्यमबाट विक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनीले तोकिएको अंकमा नघट्ने गरी तपशिल वमोजिमको शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | ढुङ्गा, गिट्टी र वालुवा उत्खनन तथा सङ्कलन गर्ने बगर र परिमाण (घन मिटर) | | न्यूनतम ठेक्का रकम रु.(मू.अ. कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| | बगरहरुको नाम र ठेगान्ना | परिमाण(घ.मि) | | | |
| ARM/R/P4/077-078 | द्वारी खोलाको कालिगण्डकी तिरको बगर (क्षेत्र २ र ३) अन्नपुर्ण गा.पा-३ | २९१३ | ७१९५५०/- | कबोल अङ्को ५% | १०००/- |

ईच्छुक फर्म, कम्पनीले मिति २०७८/०१/१२ गतेका दिन कार्यालय समयसम्म मात्र अन्नपुर्ण गाउकार्यपालिकाको कार्यालयवाट खरिद गरी मिति २०७८/०१/१३ गतेका दिन अपहान्नको १२ बजे सम्म अन्नपुर्ण गाउकार्यपालिकाको कार्यालयमा सिलबन्दी दरभाउपत्र (HARD COPY) पेश गर्नु पर्नेछ

अन्नपुर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
स्था. २०७३
गण्डकी प्रदेश, नेपाल

प.स: ०७७।७८
च.न :-

मितिः २०७८।०१।०५

**शर्तहरु** :

१. बोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५ % को दरले हुन आउने धरौटी रकम यस कार्यालयको तपशिल बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ ।

नाम :अन्नपुर्ण गाउँपालिका, गाउकार्यपालिकाको कार्यालय
बैंक : प्रभु बैंक लिमिटेड, अन्नपुर्ण शाखा ,म्याग्दी
धरौटी खाता नं. १५४०११०४१२६०००४६ (धरौटी रकम जम्मा गर्ने खाता)
आन्तरिक राजस्व खाता नं.१५४०११०४१२६०००५६ (सिलबन्दी दरभाउपत्र दस्तुर जम्मा गर्ने खाता)

२. खरिद गरेको सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रत्यक पानामा सहिछाप गरी , **फर्म दर्ता,नवीकरण,आ.व. २०७६/०७७ को करचुक्ता,वोलपत्रको दस्तुर र धरौटी रकमको भौच**र समावेश गरी सिलबन्दी गरेर पेश गर्नुपर्नेछ ।

३. रीतपूर्वक पर्न आएका **बोलपत्रपत्रहरु** मिति **२०७८/०१/१३ गते** दिनको **१ वजे** बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्र दाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४. नदिजन्य पदार्थहरु बगरलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

५. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

६. रीत नपुगी पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. शिलवन्दी दरभाउ पत्र स्वीकृत भएमा सो को सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७८ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ **साथै अग्रिमरुपमा एकमुष्ट कबोल अङ्क दाखिला गरेमा कबोल अङ्कको १०% छुट दिइनेछ।** ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप

Contact: 9857683810 (CAO) Email : ito.annamun@gmail.com Web: www.annapurnamunmyagdi.gov.np

अन्नपुर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

स्थाः २०७३

गण्डकी प्रदेश, नेपाल

प.सः ०७७।७८ मितिः २०७८।०१।०५

च.न :-

१३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ ।नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर व्यवसायीले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ ।

९. नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, अन्नपुर्ण गाउपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, सङ्कलन तथा घाटगद्दी सम्बन्धी जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१०. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.annapurnamunmyagdi.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

०७८/१/१५